**आकाशवाणी खरसाङः प्रादेशिक समाचार**
**मितिः १२ दिसम्बर २०२४**
**समयः १८:५० - १९:०० (अवधि १० मिनट)**

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले सन् 2001 मा आजकै दिन संसदलाई आतंकवादी हमलाबाट बचाउन आफ्नो ज्यानको बलिदान दिने वीर जवानहरूलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज प्रयागराजको संगम क्षेत्रमा महाकुम्भ २०२५ को औपचारिक उद्घाटन गर्नुभयो।
- कलकतामा आगामी १५ दिसम्बरमा नाटेश्वर नृत्यको उत्सवको आयोजना गरिनेछ।
- पश्चिम बंगालमा सब्जीको मूल्यले आकाश छोइरहेको छ जसमा आम मानिसहरूमा मंहगाईको बोझ बढ़दै गइरहेको छ।
- नेपाली संस्कृति परिषद समितिको १८ औं सम्मेलन उत्तर प्रदेशको पवित्र श्री अयोध्या धाम तीर्थ क्षेत्रमा आजदेखि तीन दिने अन्तर्राष्टीय नेपाली गोर्खा सम्मेलन आरम्भ भएको छ।

**प्रधानमन्त्री-राष्ट्रपति-संसद हमला**

राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमन्त्री नरेन्द्र मोदीले सन् 2001 मा आजकै दिन संसदलाई आतंकवादी हमलाबाट बचाउन आफ्नो ज्यानको बलिदान दिने वीर जवानहरूलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै राष्ट्रपतिले संसदका सुरक्षाकर्मीको अदम्य साहस र नि:स्वार्थ सेवाको स्मरण गर्नुभएको छ। राष्ट्रपतिले भन्नुभयो कि जवानहरूको सेवाले देशवासीलाई सधै प्रेरणा दिँदछ। यी वीर जवानहरू र उनीहरूका परिवारहरूप्रति राष्ट्र सधैं कृतज्ञ रहनेछ। आतंकवादविरुद्ध लड्ने आफ्नो संकल्प दोहोऱ्याउँदै राष्ट्रपतिले आतङ्की शक्तिविरुद्ध देश एकजुट रहेको बताउनुभयो। प्रधानमन्त्रीले वीरहरूको सर्वोच्च बलिदानले देशलाई सधैं प्रेरित गरिरहने बताउनुभयो । उनीहरूको साहस र समर्पणका लागि देश आभारी रहने उहाँले बताउनुभयो।

**प्रधानमन्त्री प्रयागराज**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नु भएको छ कि महाकुम्भ २०२५ एकता र समानताको यस्तो महायज्ञ  हुनेछ जसले राष्ट्रलाई मार्गदर्शन गर्नेछ र विश्वभर यसको चर्चा हुनेछ। उहाँले आज प्रयागराजको संगम क्षेत्रमा महाकुम्भ २०२५ को औपचारिक उद्घाटन गरेपछि जनसभालाई सम्बोधन गर्नु भएको हो। महाकुम्भ २०२५ आधिकारिक रूपमा अर्को वर्ष जनवरी १३ बाट सुरु हुनेछ र २६ फरवरी सम्म चल्नेछ। यस अवसरमा प्रधानमन्त्रीले लगभग  ५५०० करोडको विकास परियोजनाको शुभारम्भ गर्नु भयो। यसमा पूर्वाधारलाई बढावा दिन र प्रयागराजमा सिमलेस कनेक्टिविटी प्रदान गर्न विभिन्न रेल र सडक परियोजनाहरू समावेश छन। यस अवसरमा प्रधानमन्त्रीले महाकुम्भका क्रममा प्रयागराजको पवित्र भूमिमा नयाँ इतिहास रच्ने बताउनुभयो। उहाँले  यो सामूहिकताको शक्तिको प्रतीक र जातीय वा वर्गीय असमानता हटाउने दुर्लभ घटना भएको बताउनु भयो। यो घटनाले वास्तवमा एक भारत श्रेष्ठ भारतको प्रतिनिधित्व गर्दछ र राष्ट्रलाई मार्गदर्शन गर्दछ। विगतका सरकारको शासनप्रति खेद प्रकट गर्दै प्रधानमन्त्रीले पहिले कुम्भलाई भारतीय संस्कृतिबाट अलग्गै राखेकाले खासै महत्व नदिइएको तर अहिले त्यस्तो नभएको बताउनु भयो। यस अवसरमा प्रधानमन्त्रीले भारद्वाज आश्रम करिडोर श्रृङ्वेरपुर धाम करिडोर, अक्षयावत करिडोर हनुमान मन्दिर करिडोर लगायतका प्रमुख मन्दिरहरूको करिडोरको पनि उद्घाटन गर्नुभयो। मोदीले आफ्नो सरकारले संस्कृति र सम्पदालाई समृद्ध बनाउने दिशामा काम गरिरहेको बताउनु भयो।  स्वच्छ र स्वच्छ गंगाको लागि आफ्नो प्रतिबद्धता अनुसार, प्रधानमन्त्रीले गंगा नदीमा बग्ने साना नालाहरूलाई रोक्न र यसको पानी प्रशोधन गर्ने परियोजनाहरूको पनि उद्घाटन गर्नुभयो। प्रधानमन्त्रीले आफ्नो सरकार स्वच्छ गंगाको लक्ष्यमा काम गरिरहेको बताउनु भएको छ। प्रधानमन्त्रीले कुम्भ सहायक च्याटबोटको पनि शुभारम्भ गर्नुभयो। जसमा भक्तजनहरुलाई महाकुम्भ मेला २०२५ को गतिविधिहरु बारे मार्गदर्शन र विस्तृत

जानकारी प्रदान गरिनेछ। यसअघि प्रधानमन्त्री नरेन्द्र मोदीले आज दिउँसो प्रयागराज पुगेर संगम किनारा अक्षय वटवृक्ष हनुमान मन्दिर र सरस्वतीको पुजा तथा दर्शन गर्नु भएको थियो। उहाँले कुम्भको व्यवस्था हेर्न संगम क्षेत्रमा क्रूज यात्रा गर्नु भयो।

**कलकता नाटेश्वर**

कोलकातामा आगामी 15 दिसंबर नटेश्वर (नर्तेश्वर) नृत्य उत्सवको आयोजन गरिनेछ |यो कार्यक्रम संस्कार भारती पश्चिम बंगाल अनि पूर्वांचल संस्कृति केंद्रको संयुक्त तत्वावधानमा आयोजित किया हुनगैरहेको छ |यस पल्टको आयोजन भारतीय संस्कृति अनि नृत्य परंपरालाईनयाँ तरिकाले मन्चन गर्ने उद्देश्यले यो नृत्य उत्सव आयोजित गरिएको छ| कार्यक्रमको आयोजन अपराहन्न ३ बजे, इंडियन म्यूजियम कोलकातामागरिनेछ। यस उत्सवमा नृत्य, संगीत अनि भारतीय संस्कृतिको विविध पक्षहरुलाई प्रदर्शन गरिनेछजसमा दर्शकहरुलाई भारतीय परंपरासित जोड़नेप्रयास गरिनेछ| कार्यक्रममा मौलाना अबुल कलाम आजाद इंस्टिट्यूट ऑफ़ एशियन स्टडीज (मकाइआस) का निदेशन स्वरूप प्रसाद घोष मुख्य अतिथि , इंडियन म्यूजियमका ज्वाइंट डायरेक्टर सायन भट्टाचार्य विशेष अतिथिका रुपमा उपस्थित रहनेछन् । यसबाहेक पूर्वांचल संस्कृति केंद्रका निदेशक डॉक्टर आशीष गिरी, मणिपुरी नृत्य साधिका विश्ववती देवी अनि कथक नृत्य साधिका पारोमिता मैत्र पनि विशेष रुपमा उपस्थित रहने छन्|यस अवसरमा दक्षिण भारतका प्रसिद्ध नर्तक सुनील दत्त, ओडिशाका चर्चित नृत्य कलाकार सर्वेश्वर नायक अनि बंगालका सुप्रसिद्ध नृत्यशास्त्री बिभास नंदी सामेल रहने छन् | कार्यक्रममा नटेश्वर चित्र पुरस्कार पनि प्रदान गरिने छ |यी पुरस्कार ती कलाकारहरुलाई सम्मानित गरिने छ , जसले भारतीय नृत्य परंपरा अनि सांस्कृतिक मूल्यहरुलाई संरक्षित अनि प्रोत्साहित गर्नमा विशेष योगदान दिएका छन्| यस कार्यक्रमको माध्यम द्वारा भारतीय संस्कृति अनि नृत्यप्रति जागरूकता बढ़ाउने प्रयास गरिनेछ |

**सब्जी मूल्य**

पश्चिम बंगालमा सब्जिको मुल्यले आकाश छूइरहेको छ , जसमा आम मानिसहरुमा महंगाईको बोझ बढ़दै गैरहेको छ|सबैभन्दा अधिक असर आलूकोमूल्यमा देखिंदैछ | आज शुक्रवार खुदरा बाजारहरुमा "ज्योति" किस्मको आलू 36 देखि38 रुपिया प्रति किलो बिक्री भइरहेको थियो जबकि चंद्रमुखी किस्म 40 रुपये प्रति किलोको दरलेग्राहकहरुले खरीद गरिरहेका थिए| ठण्डा मौसमको आगमनसंगै सब्जिहरुकोमूल्यमा गिरावटकोआशा गरिएता पनि यसको ठिक बिपरित, मूल्यमा लगातार बृधी भैरहेको छ | राज्य सरकार द्वारा खुदरा बाजारहरुमा आवश्यक वस्तुहरुको मूल्यहरुमाथि नियंत्रण राख्नका लागि गठित टास्क फोर्सका एक जना सदस्यले बताए कि लामो समयसम्मवर्षा अनि बाढ़को स्थितिको कारण यस मौसममा फसलहरुको उब्जनीमा ढिलाई भएको हो | जसको प्रत्यक्ष असर थोक बाजारमा आलूको मूल्यहरुमा पर्यो फलस्वरूप खुदरा बाजारमा पनि सब्जीको मूल्यमा बड़ोतरी देखा पर्यो |उनले यो पनि बताए कि जमाखोरीहरुलेपनियस समस्यालाई अझ बढ़ाइ रहेका छन्|अन्य सब्जिहरुको बिक्री पनि अधिक मूल्यमाहुँदै गरेकाले उपभोक्ताहरुमा समस्या अझ बढ़दै गईरहेको छ| यसका साथै भान्साका अन्य आवश्यक सामानहरुको महंगाईले पनि आकाश छोइरहेको रिपोर्टमा उल्लेख गरिएको छ|

**चुनाउमा इम्प्लोइज युनियनको जीत**

विगत 4 देखि 6 दिसम्बरसम्म भएको रेलवे कर्मचारी युनियनको चुनाउमा एनएफ रेलवे इम्प्लोइज युनियनले जितेको छ। चुनाव जितेको अवसरमा एनएफ रेलवे इम्प्लोइज युनियन खरसाङ शाखाद्वारा खुशीयाली मनाइएको छ। चुनाउको भोट गणनापछि एनएफ रेलवे इम्प्लोइज युनियनलाई सर्वाधिक भोट पाएको जानकारी प्राप्त भएको छ।यो जितसितै युनियनको पंजीकरण फेरि आउँदो पाँच वर्षको निम्ति नवीकरण भएको बताइएको छ। यस युनियनले पहाडका रेल कर्मचारीहरुको हितार्थ धेरै अग्रणी भूमिका निभाएको बताइएको छ। एनएफ रेलवे इम्प्लोइज युनियन खरसाङ शाखा सचिव विशाल मुखिया, अध्यक्ष डिमु लेप्चा अनि कार्यकारी अध्यक्ष रमेश कुमार रसाईलीले सबै दार्जिलिङ हिमालयन रेलवे कर्मचारीहरुलाई हार्दिक बधाई दिएका छन्। यस जनमतले युनियनको कार्यको सठीक मूल्यांकन गर्दै यस युनियनलाई नै अधिक रूचाउँदै शीर्ष स्थानमा पुऱ्याएको उनीहरूले बताएका छन्।

## नेपाली संस्कृति सम्मेलन

नेपाली संस्कृति परिषद समितिको 18 औं अन्तरराष्ट्रिय सम्मेलन उत्तर प्रदेशको पवित्र श्री अयोध्या धाम तीर्थ क्षेत्रमा आजदेखि तीन दिने अन्तरराष्ट्रिय नेपाली-गोर्खासम्मेलन आरम्भ भएको छ। अयोध्याकोभक्तमाल आश्रममा आयोजित यस सम्मेलनमा भारतका 18 राज्य र नेपालका सात प्रदेशहरूबाट 700 भन्दा बढी प्रतिनिधिहरूले भाग लिइरहेका छन्। प्रतिनिधिहरूमा झण्डै 50 प्रतिशत महिलाहरूको सहभागिता रहेको बताइएको छ। नेपाली समाजका विभिन्न जातका मानिसहरुको उपस्थिति रहेको बताइएको छ। प्रतिनिधिहरूले आज बिहान अयोध्या धाम परिक्रमा गर्दै शोभायात्राका साथ भव्य श्रीराम मन्दिरको दर्शन पूजन गरे। अपरान्ह अढाई बजीदेखि मंगलाचरण, दीप प्रज्वलनका साथ सम्मेलनको उद्धाटन गरियो। परिषदका मुख्य संरक्षक इन्द्रेश कुमार, बडा भक्तमालका महन्त अवधेशा कुमार महाराज, परिषदका अन्तरराष्ट्रिय कार्याध्यक्ष अशोक चौरासिया आदिले सम्मेलनको उद्धाटन गरे। उद्धाटनको अवसरमा बंग्लादेशमा अल्पसंख्यक हिन्दू, बौद्ध र इसाईहरूमाथि भइरहेको हमला विरूद्ध कडा निन्दा प्रस्ताव पारित गरियो। प्रस्तावमा भारत सरकारसित बंगलादेशमा रहेका अल्पसंख्यकहरूको ज्यानमाल, मठ मन्दिरहरूको सुरक्षा सुनिश्चित गर्न आवश्यक कदम चाल्न विशेष अनुरोध गरिएको छ। उक्त सम्मेलन आगामी 15 दिसम्बरको दिन दिउँसो सम्पन्न हुनेछ।

## अजय एडवार्ड्स

हाम्रो पार्टीको केन्द्रिय अध्यक्ष अजय एडवार्डस आफ्नो टोलीसित निर्माणाधीन पुल भ्रमण एवं निरिक्षण गर्न तुङसुङ पुग्नु भएको छ। यसै क्रममा उहाँले पोख्रेबोङ्ग चामोङ समष्टि अन्तर्गत पर्ने समरीक चियाबारीस्थित जीर्ण अवस्थामा रहेको सडक पनि भ्रमण गरी ग्रामवासीहरुलाई भेट्नु भएको छ। समरीकवासीले श्री एड्वार्ड्सलाई हर्षोल्लासको साथ आफ्नो क्षेत्रमा स्वागत गरे। श्री अजय एडवार्ड्सले वर्तमान समरीकको सडकको जीर्णवस्था अनि ग्रामवासीको दुःखेसो बुझ्दै चाडै नै गाउँ समाजहरुसंग मिलेर सडकको मर्मती गरिदिने प्रतिबद्धता देखाउनु भएको जानकारी प्राप्त भएको छ।

## मिरिक अर्ना भैसीको आतङ्क

मिरिक महकुमा अन्तर्गत मिरिक नगरपालिकाको वार्ड नम्बर 6 काँउले गाउँ सनराइज छेउ हिजो दिनभरि अर्ना भैसीले आतङ्क मच्चाएपछि आज दोस्रो दिन मिरिक नगरपालिकाको वार्ड नम्बर नौ सोह्साले गाउँमा अर्नाले आतङ्क मचायो। काँउलेबाट सिधैँ अर्ना सोह्साले सरेपछि दिनभरि नै अर्नाको आतङ्क गाउँमा रहेको छ। यद्यपि हालसम्म अर्नाले सोह्साले गाउँमा कुनै क्षति गरेको छैन। गाँउमा अर्ना पसेपछि मिरिक थानाका पुलिसकर्मी, वनकर्मी अनि अधिकारीहरू पनि उपस्थित थिए। यता बिहिवार काँउले गाउँको शशी राईको घरभित्र अचनाक अर्ना पस्दा घरलाई क्षति गरेको थियो।

## रेलिङ उच्चत्तर माध्यमिक विद्यालय

बिजनबारी खण्ड अन्तर्गत रेलिङ उच्चत्तर माध्यमिक विद्यालयद्वारा वार्षिक खेलकूद कार्यक्रमको अवसर पारेर विद्यालयका भूतपूर्व विद्यार्थी तथा एनसीसी क्याडेट एवं गोर्खा ट्रेनिङ सेन्टरमा 'बेस्ट अफ् द ब्याच' अवार्डद्वारा सम्मानित विश्वजीत छेत्रीलाई सम्मान जनाएको छ।